


वर्ष १ ● अङ्क २४ ● ने.सं. ११४० बछलाथ्व ४ (चौथि) ● वि.सं. २०७७ बैशाख १५ गते, सोमबार ● 2020 April 27 Monday ● पृष्ठ ८

अनलाइन संस्करण

# कीर्तिपुर नगरपालिकाले दोश्रो चरणको राहत बाँड्दै

कीर्तिपुर नगरपालिकाले दोश्रो चरणको राहत वितरण गरेको छ। आज बैशाख १५ गते सोमबारदेखि कीर्तिपुर नगरपालिकाले वडा कार्यालयमार्फत राहत सामग्री वितरण गरेको हो।

विश्व व्यापी माहामारीको रुपमा फैलिरहेको कोरेना भाइरस (कोभिड -१९) को कारणले नेपाल सरकारले यही चैत्र ११ गते देखि लकडाउन गरेको हुनाले दैनिक मजदुरी गरेर जिविका चलाउनेहरूलाई कठिनाइ भएकोले कीर्तिपुर नगरपालिकाले गत चैत्र २७ गते बिहिवार पहिलो चरणको राहत वितरण गरेको थियो।

दोश्रो चरणको राहत वितरण गर्ने कीर्तिपुर नगरपालिका स्थानीय तह मध्ये सायद पहिलो नगरपालिका भएको छ। दोश्रो चरणमा राहत पाउनेहरू पहिलो चरणमा नपाएकाहरू वा छुटेकाहरू मात्र हुन्। नगरपालिकाका १० वटै वडाका जम्मा ३८४० परिवारका १४ हजार २ सय ४५ जनाले राहत प्राप्त गर्दैछन्। उक्त परिवारका लागि नगरपालिकाले सबै वडालाई गरी ३० किलोको चामल १४०७ बोरा, २५ किलोको दाल १२३ बोरा त्यसै गरी २९६९ लिटर तेल बाँड्दै छ। दोश्रो चरणमा राहत बाँड्न पहिलो चरणमा जस्तै बैशाख १४ गते प्रत्येक वडामा सर्वदलीय बैठक बसेको थियो।

सर्वदलिय बैठकमा भएको समन्वयको आधारमा सहज रुपमा राहत बाँड्ने नगरपालिकाले जनाइएको छ।

नगरपालिकाले पहिलो चरणमा जम्मा ४१५२ परिवारलाई राहत सामग्री वितरण गरेको थियो भने उक्त राहतमा चामल, दाल, नून, तेल, चिनी र साबुन उपलब्ध गराएको थियो।

## कीर्तिपुर नगरपालिकाले दोश्रो चरणमा वितरण गरिएको राहतको विवरण

| वडा नं. | राहत प्राप्त गर्ने परिवार सङ्ख्या | परिवार सदस्य सङ्ख्या | चमल (३० किलो) बोरा | दाल (२५ किलो) बोरा | तेल (लिटर) |
|---|---|---|---|---|---|
| १ | १८८ | ८१६ | ७९ | ६ | १६० |
| २ | १७६ | ७३१ | ७२ | ६ | १४७ |
| ३ | ५६७ | २२८८ | २२४ | १९ | ४५५ |
| ४ | ९५६ | ३५५१ | ३५१ | ३१ | ७५३ |
| ५ | ३७१ | १२६३ | १२६ | ११ | २७० |
| ६ | ३२७ | १२३० | १२३ | १२ | २५४ |
| ७ | ५१ | २२१ | २२ | २ | ४६ |
| ८ | ३३५ | १०८९ | १०९ | १० | २४१ |
| ९ | ५३९ | १८४६ | १८३ | १६ | ३९६ |
| १० | ३३० | १२१० | ११८ | १० | २४७ |
| जम्मा | ३८४० | १४२४५ | १४०७ | १२३ | २९६९ |

## सम्पादकीय

# अनुचित फाइदा लिने दुस्प्रयासको प्रतिरोध गरौं

कोरोना भाइरस(कोभिड १९) को विश्वव्यापी महामारीका कारण यतिबेला विश्व आक्रान्त छ। यही कारण मुलुक गत चैत्र ११ देखि लकडाउनमा रहेको छ। नेपालमा लकडाउनको सही किसिमले पालना भएको कारण कोरोना भाइरसको सङ्क्रमणको दर अनियन्त्रित भएको छैन तर यही कोरोना भाइरस सङ्क्रमण रोक्ने उपायको रुपमा अवलम्बन गरिएको लकडाउनका कारण खासगरी असङ्गठित क्षेत्रमा कार्यरत श्रमजीवि नेपालीहरू दैनिक जीवन यापनमा समेत समस्यामा परेको यथार्थ कसैबाट लुकेको छैन। यही आर्थिक र सामाजिक रुपमा समस्यामा परेका श्रमजीवि जनताको दैनिक गुजारा चलाउन सघाउने लक्ष्यका साथ कीर्तिपुर नगरपालिकाले आफ्नै श्रोत र साधनका साथ साथै विभिन्न व्यक्ति र संघसंस्थाको सहयोग र समन्वयमा वडा कार्यालयहरूमार्फत राहत सामग्री वितरण कार्य गरिरहेको सर्वविदितै छ।

यसैबीच त्रिभुवन विश्वविद्यालय क्याम्पस कीर्तिपुर र कीर्तिपुर बाहिरका शिक्षण संस्थाहरूमा समेत अध्ययनरत भई कीर्तिपुर नगरपालिका क्षेत्रभित्र कोठा भाडामा लिई बसोबास गर्ने विद्यार्थीहरूका लागि समेत कीर्तिपुर नगरपालिकाले राहत सामग्री चरण चरण गरी वितरण गर्दै आइरहेको छ। तर यसै बीचमा सङ्क्रमणको यस दुःखद् समयमा समेत विपदको अवस्थालाई आफ्नो स्वार्थ पूर्तिको अवसरको रुपमा प्रयोग गर्ने मानसिकता बोकेको आफूलाई विद्यार्थी नेता भन्ने एउटा विद्यार्थीले राहतकै नाममा आएका खाद्य सामग्री समेत दुरासय पूर्वक आफ्नो कोठामा लुकाइराखेको अवस्थामा सप्रमाण समातिए पछि त्यसबाट बच्नको लागि कीर्तिपुर नगरपालिका र कीर्तिपुरबासीकै बदनाम गर्ने दुस्प्रयास समेत गरेको थियो। सचेत कीर्तिपुरबासीले समयमै यस कार्य र यस्तो प्रवृत्तिको प्रतिकार गरेपछि र स्थानीय प्रहरी प्रशासनको समेत सहयोग र सक्रियताको कारण त्यस्ता कुनियत भएका घृणित र स्वार्थी व्यक्तिहरूले अन्त्यमा घुँडा टेक्न बाध्य भएका छन् र उनीहरूले अब आगामी दिनमा त्यस्तो दुस्कार्य नगर्ने बचनबद्धतासहित आत्मालोचनासमेत गरेका छन्। कीर्तिपुर नगरसन्देश परिवार यो सङ्कटको बेलामा सामाजिक सद्भावमा प्रतिकूल असर पार्ने कुनै पनि अभिव्यक्ति नदिन, त्यस्ता गतिविधि नगर्न र नगराउन कीर्तिपुरबासी एवम् कीर्तिपुरमा आई अध्ययनरत विद्यार्थीवर्गमा हार्दिक अनुरोध गर्दछ।

यसबीचमा आजदेखि समस्यामा परेर पनि पहिलो चरणको राहत वितरणमा छुटेका जनतालाई वडा कार्यालयहरूमार्फत दोश्रो चरणको राहत वितरण शुरु भएको छ। यस चरणको राहत कार्यमा आवश्यक कोही नछुटून् र कसैको पनि अनावश्यक दवावमा आवश्यकता नै नपरेकाले राहत नबुझून् भन्ने कुरामा सम्बन्धित सबै सचेत हुनु अत्यन्त जरुरी रहेको छ। नगर सन्देश परिवार सबैको साथ, सहयोग र सहकार्यबाट विपद्बाट हामी सबैले मुक्ति पाउने शुभेच्छा व्यक्त गर्दछ।

# कोरोना महामारीले नेपालमा ब्युँताएको कृषिको अपरिहार्यता - १

**गणेश बहादुर थापा (थापा काजी)**

चिनको वुहान शहरबाट सन २०१९ को अन्त्यसँगै शुरु भएको कोरोना भाईरस (कोभिड–१९) हाल विश्वभरी डरलाग्दो महामारीका रुपमा फैलिदै गएको र यसबाट विश्वभरमा दुई लाख भन्दा बढी मानिसको मृत्यु (गैह्र आवासीय नेपाली संघका अनुसार कोरोनाले विश्वभरमा २८ जना नेपालीको मृत्यु भएको) समेत भइसकेको छ। नेपालमा पनि केही दिन अघिमात्रै देखा परेको कोरोना भाईरसको सङ्क्रमित दर दिनप्रति दिन बढ्दै गइरहेकोछ। यसबाट सुरक्षित हुने एकमात्र उचित उपाय Lock Down (बन्दाबन्दी)नेपाल सरकारले २०७६ चैत्र ११ गतेबाट कार्यान्वयन गरी यसलाई बैशाख २५ गतेसम्म निरन्तरता दिने निर्णय गरेको छ।

हाम्रो देश विकासका दृष्टीले कतिपय मुलुकको तुलनामा अझै पछाडि रहेको, वैदेशिक सहयोगकै भर पर्नुपर्ने र गाँस, बास र कपासको परिपूर्ति आयातकै भरमा चलिरहेको परिवेशका बीच देखिएको कोरोना भाइरसको उपयुक्त चेक जाँचका लागि हामीसँग बिद्यमान यन्त्र उपकरण, प्रविधि, जनशक्ति तथा श्रोत साधनको उपलब्धताले हाम्रो जस्तो भौगोलिक विकटता भएको मुलुकमा कोरोना भाईरस लागे नलागेको यथार्थ जानकारी पत्ता लगाउन कति सम्भव र सजिलो छ/छैन ? भन्ने कुराको आँकलन सहजै गर्न सकिन्छ।

कोरोनाले विश्वका सम्पन्न तथा शक्तिशाली मानिने मुलुकहरू (अमेरिका समेत)लाई समेत चुनौती दिइरहेको यस परिस्थितिमा हाम्रो जस्तो अल्पविकसित, गरिब मुलुकका हामी नागरिकले यस रोगसँग आ-आफ्नै बलबुत्ता र विवेकले मुकाविला गरी सुरक्षित रहनुको अरु विकल्प छैन। यद्यपि अरु विकसित मुलुकको तुलनामा आजसम्म हामी नेपालीलाई यसले ज्यादै ठूलो असर नपारेको(कोरोना भाईरसले नेपालमा हाल सम्म कसैको मृत्यु नभएको) र नेपाल सरकार यसप्रति पूर्णरुपमा सचेत रही यसबाट बच्नका लागि विभिन्न सुरक्षात्मक नीति नियम कार्यान्वयन गर्नु गराउनु हाम्रा लागि खुशीको कुरा हो र हामी नेपाली हुनुको गर्व पनि।

> ## मेरो धारणा
>
> 
>
> **कोरोनाले विश्वका सम्पन्न तथा शक्तिशाली मानिने मुलुकहरू (अमेरिका समेत) लाई समेत चुनौती दिइरहेको यस परिस्थितिमा हाम्रो जस्तो अल्पविकसित, गरिब मुलुकका हामी नागरिकले यस रोगसँग आ-आफ्नै बलबुत्ता र विवेकले मुकाविला गरी सुरक्षित रहनुको अरु विकल्प छैन।**

नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र भन्सार विभागको तथ्याङ्क अनुसार आ.ब.२०७५ र ०७६ मा रु. १५ अर्ब १३ करोड बराबरको बार्षिक तरकारी आयात भएको देखिन्छ। २०७६ श्रावणदेखि मंसिरसम्म (५ महिनामा) रु. २० अर्ब २१ करोड ७६ लाख १७ हजार बराबरको खाद्यान्न, रु. १० अर्ब ८८ करोड ६४ लाख ८८ हजार बराबरको मलखाद, रु. ९ अर्ब ९४ करोड ६९ लाख ६१ हजार बराबरको पालम आयल, रु. ६ अर्ब ६१ करोड ६२ लाख ७६ हजार बराबरको भटमासको तेल, रु. ३ अर्ब ४३ करोड २५ लाख १० हजार बराबरको प्रशोधित कपास, रु. १ अर्ब ९० करोड ४४ लाख २५ हजार बराबरको भेडाको (प्रशोधित) ऊन आयात भएको देखिन्छ। यसरी आयातको वर्तमान अवस्थालाई विश्लेषण गर्दा हाम्रो देशमा पैठारी कारोबारमा सङ्लग्न देशहरू क्रमशः भारत, चीन, ईण्डोनेशिया, यूएई, संयुक्त राज्य अमेरिका, क्यानडा, स्वीट्जरलैण्ड, दक्षिण अफ्रिका, थाईलैण्ड, साउदी अरेबिया, अर्जेन्टिना, दक्षिण कोरिया, युक्रेन, फ्रान्स प्रमुखरुपमा रहेका छन्। **क्रमशः**

***(लेखक कीर्तिपुर नगरपालिकाका कृषि शाखा प्रमुख हुन्।)***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

## कीर्तिपुर नगरपालिकाको पत्रकार सम्मेलन

# राहत सामग्री लुकाएर राखेको अवस्थामा बरामद





कोरोना भाइरस (कोभिड–१९) को महामारीको यस दुःखद् घडिमा कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्व विद्यालयका विद्यार्थीहरूलाई केही पनि राहत सामग्री उपलब्ध नगरेको भन्ने भ्रमपूर्ण समाचारहरू आइरहेको सन्दर्भमा सो कुराको बारेमा प्रष्ट पार्न नगरपालिकाले बैशाख १० गते पत्रकार सम्मेलनको आयोजना गरेको थियो। विशेष गरी आफूलाई राष्ट्रिय सञ्चार संस्था भन्ने एउटा टिभि च्यानलले कीर्तिपुरनगरपालिकाका नगर प्रमुख रमेश महर्जनले विद्यार्थीहरूलाई केही पनि राहत उपलब्ध गर्न सकेन भन्दै निरन्तररुपमा समाचार प्रशारित गरिरहेको सन्दर्भमा उक्त पत्रकार सम्मेलन गरेको थियो।

पत्रकार सम्मेलनमा नगर प्रमुख महर्जनले वास्तविक घटनाको जानकारी दिनुहुँदै उक्त टिभि च्यानलले पूर्वाग्रही भएर आफ्नो बदनाम गर्ने उद्देश्यले आफू विरुद्धको समाचार प्रशारण गरिरहेको बताउँनु भयो। नगर प्रमुख महर्जनले किन आफूसँग पूर्वाग्रही भएको भन्नेबारेमा थाहा नभएको समेत बताउनु भयो।

नगर प्रमुख महर्जनका अनुसार विद्यार्थीहरूलाई राहत वितरण गर्ने सम्बन्धमा राहत वितण गर्ने दिनभन्दा एकदिन अगाडि त्रिभुवन विश्व विद्यालयका विद्यार्थी संगठनहरूसँग आफ्नै कार्यकक्षमा त्रिविका प्रिन्सिपल सहितको संयुक्त बैठक बसी सबैको समन्वयमा विद्यार्थीहरूलाई राहत वितरण गर्ने मौखिक निर्णय भएको र त्यसै दिन बेलुकी उक्त टेलिभिजनले फोनमा प्रत्यक्ष कुराकानी गर्दै भोलि पल्ट नै विद्यार्थीहरूका लागि २०० बोरा चामल उपलब्ध गराउन सक्नु हुन्छ भनी प्रश्न गरेका थिए। नगर प्रमुखका अनुसार भोलिपल्ट त राहत वितरण गर्ने कुरा भइ नै सकेकोले कोही पनि विद्यार्थीहरू उक्त राहतबाट बञ्चित नहुनेमा आफू विश्वस्त भएको र पत्रकारको प्रश्नमा भोलि नै २०० बोरा उपलब्ध गराउन नसक्ने भनेको कुरालाई तोड्मोड्गरी नगर प्रमुखले विद्यार्थीहरूलाई राहत वितरण गर्न नसकेर हात उठायो भनेर नियोजित रुपमा समाचार प्रशारण गरेको बताउनु भयो।

पत्रकार सम्मेलनमा नगर प्रमुख महर्जनले १० गते बिहानको घटनाको बारेमा पनि प्रष्ट पार्नु भएको थियो। १० गते बिहान नगरपालिका मै त्रिभुवन विश्व विद्यालयमा विद्यार्थीहरूलाई राहत वितरण गर्ने बारेमा नै छलफल भइरहेको थियो। छलफलमा नगर प्रमुख महर्जन, उप प्रमुख सरस्वती खड्का, त्रिविका प्रिन्सिपल कृष्ण आचार्य सहित त्रिविका विद्यार्थी सङ्गठनहरूका तर्फबाट नेविसंघ त्रिवि सभापति सम्झना केसी, अनेरास्ववियू त्रिवि कमिटी सह-संयोजक अमर जोशी र अनेरास्ववियू त्रिविकै नेता शम्भु प्रसाद भट्ट, महानगरीय प्रहरी वृत्त, कीर्तिपुरका ईन्चार्ज डिएसपि छेदिलाल कामति, सशस्त्र प्रहरी बलका ईन्स्पेक्टर भुवन बस्नेत आदिको सहभागी रहेकोमा समाजवादी विद्यार्थी यूनियनको केन्द्रीय सचिव हेमराज थापालाई पनि सहभागी हुन सम्पर्क गर्दा उहाँको मोवाइल अफ थियो। पछि डिएसपि कामतिले सम्पर्क गर्दा छलफल लगभग सकिन लागि सकेको थियो। ढिलै भएपनि थापा नगरपालिकामा आएका थिए। थापालाई देखेर स्थानीयले "टिभिमा कीर्तिपुरको बदनाम हुने गरी बोल्ने तिमी नै होइन..." भनी सोध्दा भनाभन भएपछि सुरक्षाकर्मीले सकुशल बाहिर पठाएको थियो। यसै बिच राहत बाड्नको लागि ल्याएको सामग्री उहाँ थापाको कोठामा लुकाइ छिपाइ राखेको भन्ने सूचना आएकोले सुरक्षाकर्मी, पत्रकार र स्थानीयहरू उहाँको कोठा कीर्तिपुर नगरपालिका वडा नं. ७, भाजंगलमा पुगी हेर्दा राहत सामग्रीहरू भेटिएको थियो। उक्त राहत सामग्रीमा चामल २२ बोरा, दाल ६ बोरा र तेल ६ कार्टुन भेटिएकोले सुरक्षा निकायले वडा नं. ७ का वडा अध्यक्ष राजकुमार मालीको रोहवरमा मुचुल्का उठाई पुलिस चौकी लगेको थियो। यही घटनालाई पछि थापाले सामाजिक सञ्जालमा नगर प्रमुखले कार्यकक्षमै बोलाएर कुटपिट गरी कोठामा रहेका बहिनीहरूलाई समेत हातपात गरे भनेर पोष्ट गरेका थिए।

राहत नपाएको गुनासो गर्ने व्यक्तिकै कोठाबाट यतिका राहत सामग्री बरामद भएकोले उहाँलाई नेपालको कानुन बमोजिम कारबाही हुनु पर्ने समेत नगर प्रमुख महर्जनले पत्रकार सम्मेलनमा प्रष्ट पार्नुहुँदै जानकारी गराउनु भएको थियो।

# ल्हाःतं थी म्वायेक ल्हाःसिलेगु स्टेशन



किपू नगरपालिकाया थीथी थासय् ल्हाःतं थी म्वायेक ल्हाःसिलेगु स्टेशन पलिस्था याःगु दु। बैशाख १२ गते शुक्रवाः किपू नगरपालिकाया प्रमुख रमेश महर्जनं नगरपालिका भवनय् तःगु छगू उगु स्टेशनया उलेज्या यानादीगु खः । उगु स्टेशन नगरपालिका भवन लगायत किपुलिई च्वंगु फोहर प्रशोधन केन्द्र, किपूया मूध्वाखा अमल्सि, किपुलिई सितिकं जा नकाच्वंगु थायूत नगां दोपाः, पांगाया ध्वाकासी अथेहे भत्क्यापाटी व कीर्तिपुर अस्पतालयानां मुक्कं न्हय्थाय् थ्व पलिस्था याःगु खः ।

वाटर एड नेपाःया आर्थिक व प्राविधिक ग्वहालिइ गुथि नांया गैर सरकारी संस्थां पलिस्था यानांब्यूगु खःसा न्हापांया स्वलातक गुथिं हे न्हिथं लः व भ्मोल साबुंया व्यवस्था याइगु नं न्ह्यथंगु दु।

ल्हाःसिलेबलय् खवतुतिं क्वत्यलकि भ्मोल साबुं वइगु व जवतुतिं क्वत्यलकि लःवइगु जूगुलिं हितिई ल्हाःतं थी म्वायेक हे याउँक ल्हाः सिलेफइगु जुयाः अःपुगु लिसें थौंकन्हय् माहामारी जुयाच्वंगु कोरोनाया सम्भावित सङ्क्रमण म्हो जुइगु विश्वास याःगु दु।

वाटर एडया आर्थिक ग्वहालिई थ्वयां न्ह्यः यें महानगरपालिका, ललितपुर महानगरपालिका व सिरहाया लहान नगरपालिकाया थीथी थासय् थ्व ल्हाःतं थी म्वायेक ल्हाःसिलेगु स्टेशन पलिस्था यायेधुंकूगु दु।

# आकस्मिक हिदान ज्याभ्वः जुल



किपू नगरपालिका वडा नं ३ या ग्वसालय् छेँय् छेँय् हिदान ज्याभ्वः याःगु दु । हलिंन्यंक कारोना भाइरसया माहामारी जुयाः नेपालय् नं वंगु चैत्र ११ गतेनिसें लकडाउन जुयाच्वंगुलिं हिया अभाव जुयाच्वंगु खः । वंगु बैशाख १० गते किपू नगरपालिका वडा नं. ३, कुतिसालय् च्वंगु श्रीपञ्चमि मानन्धर गुथि जूगु हिदानय् वडा अध्यक्ष राजेन्द्र महर्जन, वडा दुजः मिलन महर्जनलिसें मुक्कं ३० म्हेसिनं हिदान याःगु खः ।

इतिहासय् हे न्हापांखुशि छेँय् छेँय् हिदान यायेगु वंगु २०७६ चैत्र १४ गतेनिसें किपुलिईं शुरुयाःगु खः । ब्लड डोनर्स एशोसिएशन नेपाल केन्द्रीय कमितिया सल्लाहकार ज्ञानुराजा महर्जनया कजिसुई शुरु थुगु अभियान न्हापांखुशि किपूया खासिबजार, बाहिरी गाउँ व पांगाय् याना मुक्कं ११ पिन्ट हि मुंगु खः।

थुगु हिदानया लागि श्रीपञ्चमि मानन्धर गुथि व ससः दि नेवाः रेष्टुरेण्टं ग्वहालि याःगु खः ।

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।

# लकडाउनया इलय् किपू विरुद्ध नारा जुलुस

लकडाउन जुयाच्वंगु इलय् बैशाख १३ गते त्रिवि ब्वनीपिं छथ्व विद्यार्थीतयूसं किपू विरुद्ध नारा जुलुस याःगु दु। छुं न्हि न्ह्यः त्रिविया विद्यार्थी हेमराज थापाया कोठाय् सुचुकाःतःगु धाःगु राहतया ज्वलं त महानगरीय प्रहरी वृत्त, किपुलिई बरामद् यानां वृत्तय् हयातःगु खः। व राहत ज्वलंत लितमाल धकाः प्रहरी वृत्तय वःपिं इपिं विद्यार्थीतयूत मबिसेंलिं नारा जुलुस याना लिहाँवःपिं खः।

किपू नगरपालिका व किपूया हे विरोधय् नारा जुलुस यानावःपिं इपिं तःगःवपिइ (नगांदोपातय्) थ्यंकाः विद्यार्थीतयूत नसा ब्यू धकाः तकं नारा थ्वयेकूगु खः। तःगःवपि (नगां दोपाः) लकडाउन जूगु छुं न्हि लिपांनिसें हे सितिकं जा नकाच्वंगु थाय् खः। जुलुस अन थ्यनेखतं जा नकाच्वंपिंसं थन सितिकं हे जिमिसं जा नकाच्वनागु दु, छिपिं नं सुयां जा नये माःसा थन वया नःवाः, छाये किपूया विरोधय् जुलुस यायेमाःगु धकाः हालाच्वंबलय् अन छभ्राः घाराघुरु नं जूगु खः।

लिपा सनिलय् किपूया स्थानीयत लकडाउनया इलय् किपुलिई वयाः किपूया विरोधय् नारा जुलुसयाःपिंत म्हसिका तुरुन्त कारबाही यायेमाल धकाः वृत्तय् वनां भ्वं तःवंगु खः।



२९९ नं.यू दर्ता जूगु उगु भ्वँया आधारय् जुलुस याःपिंत माला ज्वनेत अःपुइगु व इमित माःगु कानुनी कारबाही यायेगु जुइ धकाः वृत्तया ईन्चार्ज डिएसपि छेदिलाल कामतिं धाःगु धकाः भ्वं तःवंपिं मध्ये छम्हेसिनं जानकारी ब्यूगु दु।




## सामुदायिक विद्यालयहरुलाई जरूरी सूचना

यस नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालयहरूले tuki software मा कक्षा १ देखि १२ सम्मका सबै बिषयहरूको प्रयोगात्मक तथा सैद्धान्तिक प्राप्ताङ्कहरू यथाशीघ्र entry गरि दिनुहुन सम्बन्धित सफ्टवेयर कम्पनीबाट अनुरोध भई आएकोले यो सूचना प्रेषित गरिएको छ।

**कीर्तिपुर नगरपालिका**
**शिक्षा शाखा**



**निःशुल्क खाना :** कीर्तिपुरमा कोही पनि भोकै नपरून् भनी खाना बनाएर प्याकिङ्ग गर्दै स्थानीय युवाहरू। कीर्तिपुरका विनोद महर्जन, रविन्द्र महर्जन, सकेश महर्जन, नविन श्रेष्ठ र कृष्ण श्रेष्ठले शुरु गरेको निःशुल्क खाना व्यवस्थापनमा हाल शिव कु. श्रेष्ठ, नयन तामाङ्ग, संगम महर्जन, महेश डंगोल, त्रिचन्द्र सिंह, दिनेश महर्जन, रमेश महर्जन, अष्ट महर्जन लगायत नयाँबजार परिवारले लकडाउन अवधिभर निःशुल्क खाना खुवाउने लक्ष्य रहेको बताएका छन् भने कीर्तिपुरका विभिन्न ५ ठाउँमा दैनिक १५०० प्याकेट निःशुल्क खाना खुवाइरहेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

## कीर्तिपुर नगरपालिकाको अनुरोध

कोरोना महामारीको सामना गर्न निम्न कुराहरू पालना गरिदिनु हुन सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ।


१. एउटा घरबाट एक जना मात्र बजारमा सामान किन्न निस्कनु हुन।

२. बजारमा सामानहरू (तरकारी आदि किन्दा) कम्तीमा पनि ३/४ दिनसम्म पुग्ने गरी किन्नु हुन।

३. बजारमा सामानहरू बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्ममा किनिसक्नु हुन।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर

# विद्यार्थीहरूलाई घर जान कीनपाले समन्वय गर्ने



आज मिति २०७७ बैशाख १३ गते [illegible] अपरान्ह ५:०० बजे कीर्तिपुर नगरपालिका प्रमुख श्री रमेश महर्जनज्यूको अध्यक्षतामा त्रि वि विद्यार्थी संगठनका प्रतिनिधिहरूसँग कीर्तिपुर क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूलाई आफ्नो गृह (घर) पठाउने सम्बन्धमा छलफल गरियो ।

उपस्थिति :

| क्र.स. | नाम | संस्था | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमेश महर्जन | प्रमुख, की.न.पा | |
| २ | श्री सरस्वती रिजाल खड्का | उप-प्रमुख, की.न.पा | |
| ३ | श्री राजकुमार नकर्मी | [illegible] जिल्ला सचिव | |
| ४ | श्री विकास महर्जन | सचिवालय, की.न.पा | |
| ५ | श्री [illegible] | अनेरास्ववियु [illegible] | |
| ६ | श्री [illegible] के.सी. | ने.वि.संघ त्रि.वि. [illegible] | |
| ७ | श्री मंगल थापा | अनेरास्ववियु [illegible] | |
| ८ | श्री [illegible] | अनेरास्ववियु त्रि.वि. [illegible] | |
| ९ | श्री [illegible] राज [illegible] | अनेरास्ववियु त्रि.वि. [illegible] | |
| १० | श्री संगीता लामा | सचिवालय, की.न.पा | |

निर्णयहरू :

१. कीर्तिपुर नगरक्षेत्रमा डेरामा बसोबास गर्ने विद्यार्थी लगायत अन्य विद्यार्थीहरूलाई कीर्तिपुर नगरपालिका र विद्यार्थी संगठनहरूको पहलमा विद्यार्थीहरूको सम्बन्धित स्थानीय तहसँग समन्वय गरी मिति २०७७ बैशाख १५ गते सम्ममा विवरण लिई घर पठाउने निर्णय गरियो ।

त्रिभुवन विश्व विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरू कीर्तिपुर नगरपालिकामा रहेकोले ती विद्यार्थीहरूले घर जान चाहेमा नगरपालिकाले समन्वय गर्ने भएको छ। नेपालमा लकडाउन लम्बिएकोले बाहिर जिल्लाबाट आई अध्ययन गरिरहेका विद्यार्थीहरू यहाँ बस्न पनि समस्या परेको र घर जानलाई पनि समस्यामा परिरहेकोले कीर्तिपुर नगरपालिकाले समन्वय गरी घर फर्कन चाहने विद्यार्थीहरूलाई सहजीकरण गर्ने भएको हो।

यस विषयमा बैशाख १३ गते नगरपालिकाका प्रमुख रमेश महर्जनको अध्यक्षता त्रिविका विद्यार्थी सङ्गठनका प्रतिनिधिहरूसँग छलफल गरेको थियो। छलफलबाट कीर्तिपुर नगरक्षेत्रमा डेरामा बसोबास गर्ने विद्यार्थी लगायत अन्य विद्यार्थीहरूलाई कीर्तिपुर नगरपालिका र विद्यार्थी सङ्गठनहरूको पहलमा विद्यार्थीहरूलाई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी बैशाख १५ गते सोमवारसम्ममा विवरण लिई आ–आफ्नो घर पठाउने निर्णय गरेको थियो।

## सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

कीर्तिपुर नगरपालिका भवन, फोनः ४३३११८९

ईमेल : nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको हार्दिक आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणबाट समस्त नेपालीहरुलाई बचाउन नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लक डाउन गरेको कारणबाट यस कीर्तिपुरमा बसोबास गर्ने दैनिक ज्यालामा काम गर्ने श्रमिक वर्ग तथा स्थानीयवासीलाई दैनिक जीवन यापनमा समेत समस्या देखिन आएको महशुस गरी नेपाल सरकारले कोहि पनि भोको नहोस् भन्ने अपेक्षा सहित राहतको कार्यक्रम घोषणा गरिसकेको सन्दर्भमा आवश्यक परिवारलाई खाद्यान्न /राहतको व्यवस्थापन गर्नका लागि कीर्तिपुर नगरपालिकाले रु.५० लाखबाट " आकस्मिक राहत कोष २०७६" स्थापना गरेको छ । सो कोषमा जम्मा हुने रकमको खर्च गर्ने कार्यविधि समेत तयार भैसकेकोले सहयोग गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, गैरआवासीय नेपाली, स्वदेशी विदेशी दाता निकाय, उद्योग, व्यवसायी, पेशाकर्मी, नागरिक समाज, संचार जगत, राजनैतिक दल, धार्मिक तथा परोपकारी संघसंस्था, निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरु लगायत आम सर्वसाधारणमा कीर्तिपुर नगरपालिका हार्दिक आह्वान गर्दछ। साथै विश्वव्यापी विपत्तिको यस घडिमा आर्थिक/ नगद सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, कीर्तिपुर शाखाको खाता नं.१७००३०४०३८३०३ मा नगद जम्मा गरिदिनुहुन र वस्तुगत वा खाद्य लगायतका सामग्री सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले नगरपालिकाको विपद् व्यवस्थापन शाखामा सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| सरस्वती रिजाल खड्का | रमेश महर्जन |
| उप-प्रमुख | प्रमुख |
| सम्पर्क नं.९८५११९७८११ | सम्पर्क नं.९८५१०२५१२५ |

## कीर्तिपुर नगरपालिका

### कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७००३०४०३८३०३**

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
८
ने.सं. ११४० बछलाथ्व चौथि
वि.सं. २०७७ बैशाख १५ सोमवा:

# आकस्मिक कोषमा न.पा.द्वारा थप १ करोड दाखिला

## हालसम्म रू. १३ लाख सहयोग प्राप्त

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपाल सरकारले चैत्र ११ गते देखि पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरपालिकाले यस विषम परिस्थितिलाई केही सहज हुने विश्वासका साथ राहत कोषको व्यवस्था गरेको थियो। चैत्र २१ गते शुक्रबार नगरपालिकाका प्रमुख रमेश महर्जनको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको बैठकले आकस्मिक कोष सञ्चालन गर्ने निर्णय गरेको थियो।

नगरपालिकाले रु. ५० लाख राखी सञ्चालन गरेको उक्त राहत कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो । खाता नं. १७००३०४०३८३०३ रहेको उक्त आकस्मिक कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग अनुरोध समेत गरेको हो।

उक्त कोषमा हाल सम्म ३१ वटा संघसंस्था/व्यक्तिहरूबाट रु. १३ लाख ४१ हजार ८ सय ८८ सहयोग प्राप्त भएको छ भने नगरपालिकाबाट पहिलो चरणमा चैत्र २७ गतेदेखि प्रत्येक वडा मार्फत राहत पनि वितरण गरिएको थियो । पहिलो चरणको राहत वितरणका लागि रु. ५१ लाख ९ हजार ४४४ खर्च पनि भैसकेको छ।

लकडाउन लम्बिए पछि पुनः राहत वितरण गर्नु पर्ने भएकोले नगरपालिकाको बैठकले थप रु. १ करोड उक्त आकस्मिक कोषमा राख्ने निर्णय गरेको थियो। उक्त रकम नगरपालिकाले नै विनियोजन गरेको कीर्तिपुर महोत्सवको लागि छुट्याइएको हो। लकडाउन भए पछि कीर्तिपुर महोत्सव पनि स्थगीत भएकोले हाल यो खर्च नहुने नै भएकोले रकमान्तर गरी आकस्मिक कोषमा राखेको नगरपालिकाले जनाएको छ।

दोश्रो चरणको राहत वितरण गर्नको लागि मात्र रु.६० लाख ४१ हजार बराबरको खाद्यान्न खरीद गरी सकेको समेत जानकारी दिएको छ।

## आकस्मिक कोषमा नगद सहयोग गर्नु हुनेको नामावली

१९. दक्षिण भेगीय प्याब्सन, कीर्तिपुर – रु. १,५१,१११।-
२०. अनक कन्स्ट्रक्सन प्रा.लि. – रु. ५१,०००।-
२१. समृद्धि कीर्तिपुर अभियान – रु. ५०,०००।-
२२. शहिद स्मारक कलेज – रु. ५०,०००।-
२३.नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर – रु. ३१,०००।-
२४. ईन्जिनियर कृष्ण भोला महर्जन,
कीर्तिपुर नगरपालिका – रु. २५,०००।-
२५. ज्वालादेवी बचत तथा ऋण सहकारी सं. लि.– रु. २५,०००।-
२६. सुनिल महर्जन (राजकमल महर्जन) – रु. २०,०००।-
२७. सिभिल बैंक, कीर्तिपुर – रु. २०,०००।-
२८. प्रविण गुरुङ्ग र हुमसुब्बा गुरुङ्ग – रु. १०,१००।-
२९. हरिओम सहकारी संस्था लि. – रु. १०,१००।-
३०. महेन्द्र महर्जन – रु. १०,०००।-
३१. लक्ष्मी बहादुर महर्जन(स्व. दुर्गा महर्जनको सम्झनामा)
कीर्तिपुर -३ – रु ७,१०५।-

*(१८ नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)*

### कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विभिन्न संघ संस्थाहरुबाट प्राप्त सामानको विवरण

| क.सं. | संघ संस्था | चामल (के.जी.) | दाल (के.जी.) | तेल (के.जी.) | नून (पाकेट) | बाल्टीन ठूलो | Contact less handwashing stations | Liquid Handwash | साबुन | मास्क | कम्बल | पिपिई | चिउरा | चिनी (केजी) | रुमाल | सानो बाल्टीन | मग | Toilet Pan Set |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिखरदीप सहकारी संस्था | ९००० | १३०० | ७५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | श्री गुरुङ्ग | ५०० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | तारामण्डल महिला सशक्तिकरण | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | Tsoknyi Nuns Welfare | २५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | China Foundation for Poverty Alleviation, CFPA | ० | ० | ० | ० | १५ | ० | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | World Vision | १०५० | १९३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | सिविन नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ४०० | ३५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | कीर्तिपुर सहकारी संञ्जाल | २५०० | ० | ० | ० | ० | ० | ० | ० | १५००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | राष्ट्रीय अविष्कार केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० |
| ११ | राराहिल फाउण्डेशन | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५ | ० | ३५ | ० | ० | ० | ० | ० | ० |
| १२ | गुथि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५ | ० | ० | ० | ० | ० | ० |
| १३ | Water Aid | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | UNDP | ० | ० | ० | ० | ० | ० | ० | ० | ५००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | कीर्तिपुर नगर उद्योग वाणिज्य संघ | १५०० | ५० | ५० | १०० | ० | ० | ० | ६४ | ० | ० | ० | ४० | १०० | ० | ० | ० | ० |
| १६ | नेपाल कम्यूनिष्ट पार्टी( नेकपा), के. क. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० | ४० | १०० | ० | ० | ० | ० |
| १७ | लुमन्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६० | १६० | १६० | १२ |
| १८ | कीर्तिपुर सियोन मण्डली, कीनपा-३ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १९५५० | १५४३ | ८१० | १०० | १५ | ७ | १५ | ४६४ | २०३९५ | ५० | ९० | ८० | २०० | १६० | १६० | १६० | १२ |

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com